आज मिति २०८० साल फाल्गुन १८ गते शुक्रवारको दिन आमचोक गाउँपालिकाको अध्यक्ष श्री अशोक राईज्यूको अध्यक्षतामा वसेको गाउँ कार्यपालिकाको वैठक देहाय बमोजिम सदस्यज्यूहरुको उपस्थितिमा देहायका प्रस्तावहरु माथि छलफल र निर्णय गरी सञ्चालन गरियो ।

### उपस्थिति

| सि.न. | पद | नाम | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री अशोक राई | |
| २ | उपाध्यक्ष | श्री सीता राई | |
| ३ | सदस्य | श्री निम्नुरी शेर्पा | — |
| ४ | सदस्य | श्री राम वहादुर खड्का | |
| ५ | सदस्य | श्री गोपाल राई | |
| ६ | सदस्य | श्री नेत्र बहादुर खत्री | |
| ७ | सदस्य | श्री राम प्रसाद राई | — |
| ८ | सदस्य | श्री बम बहादुर बस्नेत | |
| ९ | सदस्य | श्री नविन राई | — |
| १० | सदस्य | श्री सन्तोष राई | |
| ११ | सदस्य | श्री रोशन मगर | — |
| १२ | सदस्य | श्री बालदिप राई | |
| १३ | सदस्य | श्री सुक माया राई | — |
| १४ | सदस्य | श्री शान्ति राई | शान्ति राई |
| १५ | सदस्य | श्री सुजता प्रधान | — |
| १६ | सदस्य | श्री भवानी विष्ट | |
| १७ | सदस्य | श्री मञ्जु भुजेल | |
| १८ | सदस्य | श्री गोविन्द परियार | |
| १९ | सचिव | श्री धन कुमार राई | |
| २० | प्रशासन शाखा प्रमुख | श्री राजेश राई | |
| २१ | | | |

प्रमुख प्रशासकीय अधिकृत
२०८०।११।१८

आमचोक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बालुवा, भोजपुर

२०८०।११।१८
अशोक राई
अध्यक्ष

**प्रस्तावहरु**

१. आधारभूत अस्पताल सञ्चालन तथा व्यवस्थापन कार्यविधि,२०८० स्वीकृति सम्वन्धमा

२. ढुङ्गा ,गिटी ,वालुवा संकलन तथा विक्रि वितरण सम्वन्धी कार्यविधि-२०८० स्वीकृति सम्वन्धमा

३. सहकारी ऋणकोष लगानीको म्याद थप सम्वन्धमा

४. राष्ट्रपति महिला उत्थान जिविकोपार्जन सुधार कार्यक्रम सञ्चालनको लागि संस्था छनौट सम्वन्धमा

५. आधारभूत अस्पताल एक्सरे/ल्याव भवन निर्माणको रकम सुनिश्चितता सम्वन्धमा

६. जग्गा प्राप्त गर्ने कुराको निर्णय र प्रारम्भिक कारवाहि चलाउने अधिकारी

७. संघीय सरकारलाई आर्थिक वर्ष २०८१/८२ को लागि योजनाहरु माग सम्वन्धमा

८. आमचोक गाउँपालिकामा क्याम्पस सञ्चालन गर्न सम्भाव्यता अध्यायन समिति गठन सम्वन्धमा

**निर्णयहरु**

**निर्णय नं.१**
प्रस्ताव नं.१ माथि छलफल भई आधारभूत अस्पताल सञ्चालन तथा व्यवस्थापन कार्यविधि,२०८० स्वीकृति गर्ने ।

**निर्णय नं.२**
प्रस्ताव नं.२ माथि छलफल भई ढुङ्गा ,गिटी ,वालुवा संकलन तथा विक्रि वितरण सम्वन्धी कार्यविधि-२०८० स्वीकृति गर्ने ।

**निर्णय नं.३**
प्रस्ताव नं.३ माथि छलफल भई सहकारी ऋण कोषवाट ऋण रकम माग सम्वन्धी मिति २०८०/१०/२५ को सुचना वमोजिम आमचोक गाउँपालिकाको "सहकारी ऐन २०७४ को दफा १०१" वमोजिम दर्ता भइ सहकारी ऋणकोष संचालन कार्यविधि -२०७७" वमोजिम ऋण लिन ईच्छुक भएका सहकारी संस्थाहरुलाई २१ दिन भित्र कार्यविधिको अनुसुचि-२ वमोजिम आवेदन माग गरिएकोमा आर्थिक वर्ष २०७९/८० मा ऋण प्राप्त गर्ने सहकारी संस्थाहरुवाट ऋण रकम असुल हुन वाँकी रहेकोले पुन ३ दिनको थप सूचना प्रकाशन गर्ने ।

**निर्णय नं.४**
प्रस्ताव नं.४ माथि छलफल भई राष्ट्रपति महिला उत्थान जिविकोपार्जन सुधार कार्यक्रमको प्रस्ताव पेश गर्ने सम्बन्धि मिति २०८०/१०/२५ मा प्रकाशित सुचना वमोजिम जिविकोपार्जन सुधार कार्यक्रम संचालन सम्बन्धि मापदण्ड,२०७७ को परिच्छेद ३ को दफा ६ बमोजिम अनुसूचि-२ वमोजिमको ढाचामा प्रस्ताव पेश माग गरिएकोमा प्रस्ताव पेश गर्ने आमचोक कृषि सहकारी संस्था लि.आमचोक ४,बालंखा,भोजपुरले प्रस्ताव पेश गरेको र मापदण्डको अनुसूचि-३ वमोजिम प्रस्ताव मुल्याङ्कन तथा छनौट सिफारिस समितिद्वारा सो सहकारी संस्था छनौट गर्न सिफारिस भइ आए वमोजिम छनौट गर्ने ।

**निर्णय नं.५**
प्रस्ताव नं.५ माथि छलफल भई आथिक वर्ष २०८०/८१ को हिउँदे गाउँसभाले आधारभूत अस्पताल एक्सरे/ल्याव भवन निर्माणको लागि विनियोजन भएको रकम लागत अनुमान भन्दा कम भएकोले मुल्याङ्कन वमोजिम नपुग रकम समपुरक कोषवाट भुक्तानी दिने गरी उपभोक्ता समितिसंग सम्झौता गर्ने ।

**निर्णय नं.६**
प्रस्ताव नं.६ माथि छलफल भई मिति २०७९ चैत्र १९ को कार्यापालिकाको निर्णय वमोजिम आमचोक गाउँपालिकाको वडा नं.६ को वडा कार्यालय भवनको लागि जग्गा प्राप्ति ऐन,२०३४ को दफा ५ वमोजिम जग्गा प्राप्त गर्ने कुराको निर्णय र प्रारम्भिक कारवाहि चलाउने अधिकारी यस गाउँपालिकाको वडा नं ६ का वडा सचिव श्री नारायण शर्मालाई तोकिएकोमा हाल निजको जिम्मेवारी परिवर्तन भइ अन्य वडामा खटाइएकोले हाल कार्यरत वडा नं ६ का वडा सचिव श्री रंधिर कुमार मेहतालाई तोक्ने ।

प्रमुख प्रशासकीय अधिकृत २०८०/११/१८

आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बालंखा, भोजपुर

२०८०/११/१८
अशोक राई
अध्यक्ष

**निर्णय नं.७**

प्रस्ताव नं.७ माथि छलफल भई आर्थिक वर्ष २०८१/८२ को लागि तपशिल वमोजिमको योजनाहरु संघीय सरकारलाई माग गर्ने ।

**१.संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय**

| सि.न. | कार्यक्रमको नाम | ठेगाना | अनुमानित वजेट | कैफियत |
|---|---|---|---|---|
| १ | छोङ्खा साकेन्वा सास्कृतिक पार्क निर्माण | आमचोक-४,भोजपुर | रु.३ करोड | DPR भइसकेको |
| २ | थामडाँडा पर्यटन पूर्वाधार विकास | आमचोक-२,भोजपुर | रु.२ करोड | DPR भइसकेको |
| ३ | डुङडुङ्गे गुफा संरक्षण तथा ग्राउण्ड निर्माण | आमचोक-९,भोजपुर | रु.१ करोड | |
| ४ | वासिराङ्ग देविथान संरक्षण तथा निर्माण | आमचोक-२,भोजपुर | रु.२ करोड | DPR भइसकेको |
| ५ | वुवाखोला महादेवथान निर्माण | आमचोक-१,भोजपुर | रु.२ करोड | DPR भइसकेको |

**२.खानेपानी मन्त्रालय**

| सि.न. | कार्यक्रमको नाम | ठेगाना | अनुमानित वजेट | कैफियत |
|---|---|---|---|---|
| १ | एखुवाखोला वालंखा-पाङ्चा-दुम्माना खानेपानी योजना | आमचोक गाउँपालिका,भोजपुर | रु.५ करोड | DPR हुने क्रम्मा रहेको । |
| २ | एखुवाखोला चुमाराङ्ग लिफ्टिङ्ग सिंचाइ | आमचोक-३,भोजपुर | रु.१ करोड | DPR भइसकेको |

**३.भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय**

| सि.न. | कार्यक्रमको नाम | ठेगाना | अनुमानित वजेट | कैफियत |
|---|---|---|---|---|
| १ | भोजपुर रानीटार-पाङ्चा-पान्धारे चखेवा सडक कालो पत्रे | आमचोक गाउँपालिका,भोजपुर | रु.२ अर्व | DPR भइसकेको |
| २ | दुम्माना-दिङ्लापु-हैखराङ्ग सडक कलो पत्रे | आमचोक गाउँपालिका,भोजपुर | रु.६० करोड | १८ कि.मी. |
| ३ | वयाङ-पावला-आमवोटे-दुम्माना सडक स्तरउन्नती | आमचोक गाउँपालिका,भोजपुर | रु.५ करोड | १८ कि.मी. |
| ४ | वयाङ- दुम्रे- एखुवाखोला-हैखराङ्ग सडक स्तरउन्नती | आमचोक गाउँपालिका,भोजपुर | रु.५ करोड | २० कि.मी. |

**४.सहरी विकास मन्त्रालय**

| सि.न. | कार्यक्रमको नाम | ठेगाना | अनुमानित वजेट | कैफियत |
|---|---|---|---|---|
| १ | वालंखा वजार ढलान तथा वस्ति विकास योजना | आमचोक गाउँपालिका,भोजपुर | रु.१० करोड | DPR भइसकेको |
| २ | स्वास्थ्य चौकी भवन निर्माण | आमचोक-३,भोजपुर | रु.३ करोड | जग्गा प्राप्ती भइसकेको |
| ३ | स्वास्थ्य चौकी भवन निर्माण | आमचोक-९,भोजपुर | रु.३ करोड | जग्गा प्राप्ती भइसकेको |

**५.ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय**

| सि.न. | कार्यक्रमको नाम | ठेगाना | अनुमानित वजेट | कैफियत |
|---|---|---|---|---|
| १ | आमचोक गाउँपालिका विधुत्तीकरण तथा सव स्टेशन निर्माण | आमचोक गाउँपालिका,भोजपुर | | |
| २ | माकुखोला खुम्तिङ सिंचाइ योजना | आमचोक-१०,भोजपुर | रु.१ करोड | |
| ३ | खुम्वे खोला टाङटुङ्ग वुटाहुट सिंचाइ योजना | आमचोक-५,भोजपुर | रु.१ करोड | |

**६.युवा तथा खेलकुद मन्त्रालय**

| सि.न. | कार्यक्रमको नाम | ठेगाना | अनुमानित वजेट | कैफियत |
|---|---|---|---|---|
| १ | कवर्डहल निर्माण | आमचोक-४,भोजपुर | रु.५ करोड | जग्गा प्राप्ती भइसकेको |

प्रमुख प्रशासकीय अधिकृत
२०८०/११/१८

आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय वालंखा, भोजपुर

८०/११/१८
अशोक राई
अध्यक्ष

**निर्णय नं.८**

प्रस्ताव नं.८ माथि छलफल भई आमचोक गाउँपालिकामा क्याम्पस सञ्चालनको लागि तपशिल वमोजिमको एक सम्भाव्यता अध्यायन समिति गठन गरी समितिको प्रतिवेदन वमोजिम क्याम्पस सञ्चालनको प्रकृया अगाडी वढाउने ।

तपशिल

संयोजक: डा.पर्वत कुमार राई( सह प्राध्यपक)

सदस्य : श्री चन्द्र कुमार हतुवाली( संस्कृति विद)

सदस्य : श्री कमलजङ्ग राई ( पूर्व अध्यपक)

सदस्य : श्री इश्वरमान राई ( पूर्व क्यामपस प्रमुख,कोटेश्वर क्याम्पस)

सदस्य : श्री अशोक राई ( अध्यक्ष आमचोक गाउँपालिका)

सदस्य : श्री सीता राई ( उपाध्यक्ष आमचोक गाउँपालिका)

सदस्य : श्री निराजन राई (अध्यपक श्री महेन्द्र वहुमुखि क्याम्पस,धरान)

सदस्य : श्री शाहिमान राई( पत्रकार)

सदस्य : श्री धन कुमार राई ( प्रमुख प्रशासकीय अधिकृत आमचोक गाउँपालिका)

सदस्य : श्री दिपक राई ( स्थानीय समाजसेवी)

सदस्य : श्री प्रकाश राई 'सर्वहारा' (योजना विद)

सदस्य : श्री हर्क वहादुर राई( प्र.अ. श्री चन्डेश्वर मा.वि.बालंखा)

सदस्य सचिव : श्री ज्ञान वहादुर राउत( शिक्षा शाखा प्रमुख आमचोक गाउँपालिका)

प्रमुख प्रशासकीय अधिकृत
०८०/११/१८

आमचोक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
वालखा, भोजपुर

०८०/११/१८
अशोक राई
अध्यक्ष